२०८२

# एक महिने प्रमाणीकरण तालिम पाठ्यक्रम

# नेपाली

## आधारभूत तह (कक्षा ४-५)

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

विषयसूची

| क्र. स. | विषयवस्तु | पृष्ठ सङ्ख्या |
| --- | --- | --- |
| १. | परिचय | १ |
| २. | सक्षमता | २ |
| ३. | तालिमको संरचना | ३ |
| ४. | विषयवस्तु | ४ |
| ५. | तालिम कार्यान्वयन कार्यविधि | १० |
| ६. | मूल्याङ्कन | १२ |
| ७. | परियोजना कार्य | १६ |

## १. परिचय

शिक्षकको निरन्तर पेसागत विकासअन्तर्गत शिक्षक तालिम एक महत्त्वपूर्ण पक्ष हो । शिक्षक दक्ष तथा सक्षम हुनलाई आफूले शिक्षण गर्ने विषयमा निरन्तर पेसागत सहयोगको आवश्यकता पर्दछ । शिक्षक पेसागत विकास प्रारूप, २०८० को मर्मअनुसार विद्यालय तहको परिवर्तित पाठ्यक्रमका आधारमा आधारभूत तह कक्षा ४-५ को नेपाली विषयको तालिम पाठ्यक्रम विकास गरिएको हो । यस पाठ्यक्रमको कार्यान्वयनबाट शिक्षकलाई नयाँ प्रविधि, उपागम, तौरतरिकाहरूसित परिचित गराई नेपाली भाषा शिक्षण सिकाइमा प्रभावकारिता ल्याउने अपेक्षा गरिएको छ ।

यस पाठ्यक्रममा शिक्षकका विषयगत आवश्यकता, शिक्षण विधि तथा प्रविधिलाई समेत ख्याल गरिएको छ । यस तालिम पाठ्यक्रममा आधारभूत तह कक्षा ४–५ को नेपाली विषयको पाठ्यक्रम विश्लेषण, बोध र अभिव्यक्तिका क्रियाकलाप, शब्दभण्डार, भाषिक संरचना र वर्णविन्यास शिक्षण, भाषिक प्रकार्य, सहकार्यात्मक सिकाइ, भाषा शिक्षणमा शैक्षणिक तथा सन्दर्भ सामग्रीको निर्माण र प्रयोग, शिक्षण सिकाइ योजना र शिक्षण अभ्यास, विद्यार्थी मूल्याङ्कनका साधन र तरिकाहरू जस्ता विषयवस्तुहरू समावेश गरिएका छन् । यसका माध्यमबाट शिक्षकहरूमा ज्ञान, सिप, दक्षता र सकारात्मक अभिवृत्ति विकास भई विद्यार्थीमा नेपाली भाषाप्रति रुचि राख्ने र यसको व्यावहारिक प्रयोग गर्ने सिप विकास हुने अपेक्षा गरिएको छ । शिक्षकको आवश्यकतासमेतका आधारमा यस तालिम पाठ्यक्रममा समावेश भएका विषयवस्तुहरूलाई सक्रिय सिकाइका विधि तथा तरिकाहरूको अवलम्बन गरी कार्यशाला तथा परियोजना विधिमा आधारित भएर शिक्षकको पेसागत विकास गरिने छ ।

## २. सक्षमता

नेपाली विषयको तालिमपश्चात् शिक्षकहरूमा निम्नअनुसारका सक्षमता विकास हुने छन् :

(क) आधारभूत तहको नेपाली भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षक निर्देशिकबिचको अन्तरसम्बन्ध र उपयोग

(ख) भाषिक सिप विकासका सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिप विकासका क्रियाकलापहरूको उपयोग

(ग) भाषिक संरचना, वर्णविन्यास, शब्दभण्डार र भाषिक प्रकार्यको उत्पादनमूलक प्रयोग

(घ) सिकाइ सहजीकरणमा सिर्जनात्मक, प्रयोगात्मक, खोज कार्यको उपयोग तथा व्यावहारिक लेखन

(ङ) भाषिक सिप विकासमा शैक्षणिक तथा सन्दर्भ सामग्री सङ्कलन, निर्माण तथा प्रयोग

(च) पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शैक्षणिक योजना निर्माण र प्रयोग

(छ) भाषिक सिप विकासमा मूल्याङ्कन प्रक्रियाका साधनको निर्माण र उपयोग

(ज) समावेशी अवधारणामा आधारित कक्षाकोठा व्यवस्थापन

(झ) सिकाइमा सिर्जनात्मक तथा सामालोचनात्मक सिपको उपयोग

(ञ) सहकार्यात्मक सिकाइ, कार्यमूलक अनुसन्धान  र शिक्षक पेसागत विकासका विधिको उपयोग

## ३. तालिमको संरचना

- प्रमाणीकरण तालिम ३० कार्य दिनको हुने छ ।
- ३० कार्यदिनलाई १५/१५ कार्यदिन हुने गरी दुई खण्डमा विभाजन गरिने छ ।
- पहिलो खण्डको १५ कार्य दिने तालिम आमनेसामने (Face to face), अनलाइन (Online) तथा मिश्रित (Blended) पद्धतिमा आधारित भई समकालिक (Synchronous) र असमकालिक (Asynchronous) विधिहरूको प्रयोग गरिने छ ।
- दोस्रो खण्डको १५ कार्य दिने विद्यालयमा आधारित तालिमको क्रियाकलापहरू पहिलो खण्डको तालिम समाप्त भएको मितिले ६० दिनभित्र तल तालिकामा दिइएका कार्यहरू सम्पन्न गर्नुपर्ने छ र सम्पादन गरेका कार्यहरूको विस्तृत प्रतिवेदन तयार गरी शिक्षा तालिम केन्द्रले निर्धारण गरेको मितिमा अनिवार्य रूपमा प्रस्तुतीकरण गर्नुपर्ने छ ।

**विद्यालयमा आधारित तालिमका क्रियाकलापहरू**

| क्र.स. | क्रियाकलाप | भार (कार्यदिन) |
|---|---|---|
| १. | कम्तीमा १०ओटा पाठयोजनासहित अभ्यास शिक्षण | ३ |
| २. | शिक्षण सुधार योजना (Teaching Improvement Plan-TIP) | २ |
| ३. | कार्यमूलक अनुसन्धान | २ |
| ४. | पाठ अध्ययन अभ्यास (Lesson Study Practice)<br>(योजना, कार्यान्वयन, प्रतिबिम्बन र सुधार) | २ |
| ५. | सिकाइमा नवप्रवर्तनका लागि सूचना तथा सञ्चार प्रविधिको उपयोग | २ |
| ६. | सम्बन्धित विषय शिक्षणमा पूरक सामग्रीको उपयोग | २ |

| | | |
|---|---|---|
| ७. | १५ दिनको आमनेसामने वा अनलाइन वा मिश्रित विधिमा तालिम पाठ्यक्रमअनुसार निर्धारण गरिएका विषयवस्तुमा आधारित भई क्रम सङ्ख्या छसम्मका विषयवस्तुसँग नदोहोरिने गरी अन्य परियोजना कार्य | २ |
| | **जम्मा दिन** | **१५** |

## ४. विषयवस्तु

| क्र.स. | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सत्र |
|---|---|---|---|
| १. | पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको अध्ययन | – पाठ्यक्रमको ढाँचा, विशेषता र प्रयोग (सक्षमता र सिकाइ उपलब्धि, क्षेत्र र क्रम, सहजीकरण प्रक्रिया, मूल्याङ्कन प्रक्रिया तथा त्यसको कार्यान्वयन र प्रयोग)<br>– पाठ्यपुस्तकका विशेषता र प्रयोगः पाठगत संरचना (पाठ र अभ्यास) को बोध र कक्षाकोठामा प्रयोग<br>– पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाबिचको अन्तरसम्बन्ध र सिकाइमा प्रयोग | २ |
| २. | सुनाइ तथा बोलाइ सिप विकास | – मौखिक अन्तरक्रिया, धारणा निर्माण र प्रस्तुति, मौखिक प्रतिक्रिया तथा वर्णन<br>– सुनाइ र मौखिक अभिव्यक्ति, सुनाइको तथ्य, प्रतिक्रिया, सञ्चार, संस्कृति, अनुभूति, घटना, कल्पनासम्बद्ध विचार निर्माण क्रियाकलाप<br>– शब्दको अक्षर संरचनागत ध्वनि सचेतनासहितको उच्चारण | ४ |

| | | | |
|---|---|---|---|
| | | – वर्ण र वाक्य विभेदीकरण)<br>– चित्र, वस्तु, घटना, परिवेश र पाठगत सन्दर्भका आधारमा विषयवस्तुको बोध र तार्किक अभिव्यक्ति (लयबोध, श्रुतिरचना, श्रुतिबोध, सन्दर्भबोध, अनुमान, वस्तु वा घटना वर्णन, श्रुतिकथन, चित्र वर्णन, विषयवस्तुको सार प्रस्तुति, सूचना ग्रहण र सन्देश प्रवाह, नाटकीकरण आदि)<br>– पाठको सुनाइका आधारमा प्रश्न निर्माण | |
| ३. | पढाइ सिप | – लिखित सामग्रीलाई गति, यति र लय/हाउभाउ मिलाई शुद्ध र स्पष्टसँग वाचन<br>– मुद्रित तथा विद्युतीय सामग्री रुचिपूर्वक पठन<br>– पढेका विषयवस्तुसँग सम्बन्धित प्रश्नको मौखिक उत्तर<br>– सस्वर र मौनपठन, पठनगतिको मापन, शब्दार्थबोध, पठनबोध (छलफल र प्रश्नोत्तर, धारणा निर्माण र प्रस्तुति, अनुमान, संरचना र घटना वर्णन, सन्देश ग्रहण र प्रतिक्रिया, प्रश्न निर्माण र उत्तर पहिचान) | ३ |
| ४. | लेखाइ सिप विकास | – लेख्य चिह्न पहिचान र प्रयोग, हिज्जे मिलाई शुद्धसँग श्रुतिलेखन तथा अनुलेखन<br>– निर्देशित, अनुकरणात्मक र स्वतन्त्र रचना<br>– भाषिक सञ्चार र समस्या समाधान<br>– बुँदाटिपोट र सारलेखन<br>– घटनाक्रम पहिचान र मिलान | ४ |

| | | | |
|---|---|---|---|
| | | – अनुलेखन, श्रुतिलेखन, श्रुतिवर्णन, श्रुतिरचना, वस्तु तथा घटना वर्णनः निर्धारित विषयको लिखित वर्णन, यात्रावर्णन, अनुभव वर्णन, पाठगत प्रश्नोत्तर लेखन, भावविस्तार, अनुच्छेद लेखन, आफूले सुनेका, देखेका र अनुभव गरेका घटनाको लिखित वर्णन, पात्रवर्णन, तार्किक अभिव्यक्ति, संरचना बोध र स्वतन्त्र लेखन<br>– सिर्जनात्मक तथा समालोचनात्मक सिपको उपयोग | |
| | व्यावहारिक लेखन | – घरायसी चिठी, निवेदन, निमन्त्रणा, बधाई, शुभकामना पत्रको संरचना पहिचान र लेखन अभ्यास | १ |
| ५. | शब्दभण्डार | – शब्दभण्डार तथा शब्दस्रोतको पहिचान, शब्द उच्चारण, अर्थबोध र प्रयोगसँग सान्दर्भिक क्रियाकलाप<br>– पर्यायवाची, विपरीतार्थी, अनेकार्थी, समावेशी/ समावेश्य, समूहवाचक, लघुतावाची, सङ्क्षिप्त शब्द सिङ्गो, अनुकरणात्मक, स्रोतका आधारमा मौलिक र आगन्तुक शब्द, प्राविधिक/ पारिभाषिक, उखान र टुक्का पहिचान र प्रयोग<br>– शब्दभण्डार शिक्षणमा प्रयोग गर्न सकिने सामग्री र तिनको उपयोग | २ |
| ६. | भाषिक संरचना र | – शब्द निर्माणका सामान्य उदाहरण र प्रस्तुति<br>– कारक र विभक्ति पहिचान र प्रयोग | ४ |

| | | | |
|---|---|---|---|
| | वर्णविन्यास शिक्षण | – पदवर्ग (नाम, सर्वनाम, विशेषण, क्रिया, नामयोगी, क्रियायोगी, संयोजक, विस्मयादिबोधक र निपात) पहिचान<br>– पदकोटि (लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, करण-अकरण आदि) को पहिचान, पदसङ्गति र वाक्यनिर्माण<br>– लेख्यचिह्न (पूर्णविराम, अल्पविराम, प्रश्नवाचक, योजक, विस्मयादिबोधक, उद्धरण चिह्न आदि)<br>– वर्णविन्यासको पहिचन र प्रयोग (ह्रस्व-दीर्घ, ब=व, य=ए, स =श=ष, क्ष=छ्य, पञ्चम वर्ण, शिरबिन्दु र चन्द्रबिन्दु तथा 'र' का विभिन्न रूप तथा पदयोग र पदवियोग | |
| ७. | भाषिक प्रकार्य | स्वपरिचय प्रस्तुति, आदर सत्कार, स्वागत, शुभकामना, भूमिका निर्वाह, कुराकानी, अनुमति र निर्देशन, कृषिसम्बन्धी प्रयोजनपरक भाषिक सञ्चार, जिज्ञासा, अनुनय विनय, यात्रा वर्णन, लक्ष्य वर्णन, संवेगात्मक प्रस्तुति, खोज तथा प्रस्तुति, समय पालना, उत्साह र कृतज्ञतामा आधारित सञ्चार, कृतज्ञता, आदर्श अनुकरण, स्वअनुशासन, स्वसंस्कृति वर्णन, नेतृत्व, रुचि र बानी, सद्भाव, समस्या समाधान, उत्प्रेरणा, अनुभव वर्णन, स्वज्ञानको प्रयोग तथा स्वभाषिक प्रस्तुतिमा आधारित भाषिक प्रकार्यको अभ्यास | ३ |
| ८. | सिर्जनात्मक, प्रयोगात्मक र | – सिकाइमा सिर्जनात्मक कार्यको उपयोग<br>– सिकाइमा प्रयोगात्मक र खोज कार्यको प्रयोग | २ |

| | | | |
|---|---|---|---|
| | सहकार्यात्मक सिकाइ | – सिकाइमा विद्यार्थी, शिक्षक र अभिभावकको सहकार्य<br>– सिकाइ सञ्जालको उपयोग | |
| ९. | भाषा शिक्षणमा शैक्षणिक तथा सन्दर्भ सामग्रीको निर्माण र प्रयोग | भाषाका सिपको शिक्षणमा उपयोग गर्न सकिने शैक्षणिक तथा सन्दर्भ सामग्रीहरूको सङ्कलन, निर्माण र प्रयोग अभ्यास (श्रव्य, दृश्य, श्रव्यदृश्य, मुद्रित, पाठ्य, स्थानीय, सिर्जनात्मक सामग्री, मल्टिमिडिया, इन्टरनेट) | २ |
| १०. | शिक्षण सिकाइ योजना र शिक्षण अभ्यास | – शिक्षण सिकाइ योजना र सिकाइमा तिनको प्रयोग<br>– वार्षिक शैक्षणिक कार्ययोजना<br>– एकाइ योजना<br>– दैनिक पाठयोजना<br>– शिक्षण अभ्यास<br>– नमुना कक्षा सहजीकरण (सहजकर्ताबाट)<br>– सूक्ष्म शिक्षण अभ्यास<br>– पृष्ठपोषण आदानप्रदान | ३ |
| ११. | विद्यार्थी मूल्याङ्कनका साधन र तरिका | – आन्तरिक मूल्याङ्कनका साधन र अभ्यास<br>– भाषिक मूल्याङ्कनमा सुनाइ र बोलाइको उपयोग<br>– विशिष्टीकरण तालिकाको उपयोग र प्रश्न निर्माण<br>– (ब्लुम ट्याक्सोनोमीको प्रयोगसहित) उत्तरकुञ्जिका अभ्यास<br>– अक्षराङ्कन पद्धति | ३ |

| | | | |
|---|---|---|---|
| १२. | कक्षाकोठा व्यवस्थापन | – भौतिक व्यवस्थापन (आकारप्रकार, तापक्रम, हावा, प्रकाश र बसाइको व्यवस्थापन)<br>– शैक्षणिक व्यवस्थापन (शिक्षक र विद्यार्थी सम्बन्ध,<br>– विद्यार्थीको सिकाइ स्तरअनुरूप सिकाइ प्रबन्ध)<br>– कक्षाकोठामा मनोसामाजिक पक्षको व्यवस्थापन<br>– कक्षा पुस्तकालय प्रयोग (नमुना पढाइ, जोडी पढाइ, सस्वर, मौन पढाइ, निर्देशित पढाइ, स्वतन्त्र पढाइ, पुस्तक लेनदेन तथा पठन मूल्याङ्कन फाराम)<br>– शिक्षणमा विविधता व्यवस्थापन (विविध पृष्ठभूमिका विद्यार्थीको सिकाइ व्यवस्थापन : नेपाली पहिलो भाषाका रूपमा बोल्ने, नेपाली दोस्रो भाषाका रूपमा बोल्ने, विशेष आवश्यकता भएका विद्यार्थी) | ३ |
| १३. | शिक्षक पेसागत विकासका विधि | शिक्षक पेसागत विकास प्रारुप (परिमार्जित संस्करण), २०८० अनुसार शिक्षक पेसागत विकासका विधिहरूको परिचय र पेसागत विकासमा अबलम्बन<br>– भाषा शिक्षकका पेसागत विकासका मूलभूत पक्ष (व्यक्तिगत र पेसागत गुणहरू)<br>– शिक्षार्थीमा आधारित रणनीति र भाषा सिकाइ<br>- स्वनिर्देशित सिकाइ रणनीति<br>- सिकाइ अभिप्रेरणाका मूल पक्षहरू<br>- भाषिक वातावरणको निर्माण र सिकाइ | १ |

| | | | |
|---|---|---|---|
| १४. | कार्यमूलक अनुसन्धान | कार्यमूलक अनुसन्धान (Action Research) को अवधारणा र अभ्यास | ३ |
| १५. | पाठ अध्ययन | पाठ अध्ययन (Lesson Study को अवधारणा र अभ्यास | ३ |
| १६. | परीक्षा र परियोजना कार्य | – सहभागीको परीक्षा<br>– परियोजना कार्यको अभिमुखीकरण | १ |
| १७. | कार्ययोजना र मूल्याङ्कन | – कार्ययोजना निर्माण<br>– तालिम मूल्याङ्कन | १ |
| | **जम्मा सत्र** | | **४५** |

नोट : प्रत्येक सत्र १ घण्टा ३० मिनेटको हुने छ ।

## ५. तालिम कार्यान्वयन कार्यविधि

- यस तालिमको लक्षित समूह आधारभूत तह (कक्षा ४-५) मा अध्यापनरत शिक्षकहरू हुने छन् । सहभागी छनोट गर्दा देहायका प्राथमिकताका आधार अवलम्बन गरिने छ :

  (अ) प्रमाणीकरण तालिम नलिएका स्थायी शिक्षक

  (आ) प्रमाणीकरण तालिम नलिएका अन्य शिक्षक
- प्रदेशस्थित शिक्षा तालिम केन्द्रमार्फत सञ्चालन हुने यस प्रमाणीकरण तालिमका सहभागीहरू स्थानीय तहबाट छनोट भएका हुने छन् ।
- शिक्षक पेसागत विकासका लागि प्रमाणीकरण तालिम शैक्षिक जनशक्ति विकास परिषद्बाट स्वीकृत पाठ्यक्रम र सोका आधारमा शिक्षा तथा मानव स्रोत विकास

केन्द्र वा शिक्षा तालिम केन्द्रबाट विकास गरिएका प्रशिक्षक निर्देशिका, प्रशिक्षार्थी स्रोत सामग्री र अन्य आवश्यक सामग्रीका आधारमा सञ्चालन गरिने छ ।

- शिक्षा तालिम केन्द्रले प्रमाणीकरण शिक्षक तालिम सञ्चालन गर्दा स्थानीय आवश्यकतालाई समेट्ने गरी स्वीकृत तालिम पाठ्यक्रममा २०% सम्म विषयवस्तु अनुकूलन गरी सञ्चालन गर्न सक्ने छन् ।
- यस तालिमसम्बन्धी प्रशिक्षक प्रशिक्षणमा सहभागी भएका प्रदेश शिक्षा तालिम केन्द्रका प्रशिक्षक वा रोस्टर प्रशिक्षकबाट तालिम सत्र सहजीकरण गरिने छ ।
- तालिमका सत्र सहजीकरण गर्दा सूचना तथा सञ्चार प्रविधिलाई अधिकतम उपयोग गर्नुपर्ने छ ।
- तालिमका लागि आवश्यक शैक्षणिक सामग्रीहरू तालिम सञ्चालन अगावै व्यवस्था गर्नुपर्ने छ ।
- सामान्यतया सहभागी शिक्षकका माग र आवश्यकतालाई ध्यान दिँदै आवश्यकताअनुसार देहायबमोजिमका विधि उपयोग गर्न सकिने छ ।
  - कथाकथन विधि
  - खेल विधि
  - भूमिका अभिनय विधि
  - घटना अध्ययन तथा विश्लेषण विधि
  - साझा तथा खुला मञ्चहरूको प्रयोग
  - समकालिक (Synchronous) र असमकालिक (Asynchronous) विधिहरू
  - स्वाध्याय विधि
  - अनुसन्धानात्मक विधि
  - प्रतिबिम्बात्मक विधि
  - परियोजना विधि
  - दूर सिकाइ विधि

- अन्तरक्रिया तथा छलफल विधि
- प्रदर्शन तथा नमुना अभ्यास शिक्षण विधि
- जोडी कार्य तथा समूह कार्य विधि
- समस्या समाधान विधि
- स्थलगत भ्रमण विधि

- एक महिने प्रमाणीकरण तालिमको दोस्रो खण्डका लागि तोकिएको परियोजना कार्य सम्पादन गर्न सन्दर्भ सामग्री अध्ययन, विज्ञसँगको परामर्श तथा प्रतिवेदन लेखन गर्नु मूलत: प्रत्येक प्रशिक्षार्थीको दायित्व हुने छ । यस कार्यका लागि प्रशिक्षार्थीलाई आवश्यक परेमा इमेल, फोन वा सञ्चारका अन्य वैकल्पिक माध्यममार्फत वा प्रत्यक्ष भेट गरी सम्बन्धित प्रशिक्षकबाट मार्गदर्शन प्राप्त गर्ने सुविधा उपलब्ध हुने छ ।
- तालिमको अन्त्यमा शिक्षक पेसागत विकास प्रारूप (परिमार्जन संस्करण), २०८० अनुसार मूल्याङ्कन र शैक्षिक जनशक्ति विकास परिषद्को निर्णयबमोजिम प्रमाणीकरण गरिने छ । तालिमको प्रमाणीकरणपश्चात् सम्बन्धित शिक्षा तालिम केन्द्रबाट प्रमाणपत्र प्रदान गरिने छ ।

## ६. मूल्याङ्कन

(क) तालिममा सहभागी शिक्षकको कुल भार १०० अङ्कको हुने छ ।

(ख) मूल्याङ्कनका आधार र अङ्क विभाजन तलको तालिकामा उल्लेख भएअनुसार हुने छ :

**पहिलो खण्ड : आमनेसामने, अनलाइन तथा मिश्रित पद्धतिमा आधारित कार्यशाला**

| क्र.स. | मूल्याङ्कनका आधार | अङ्कभार |
|---|---|---|
| १. | सहभागिता | १५ |
| १.१ | उपस्थिति | ३ |

| | | |
|---|---|---|
| १.२ | छलफल तथा प्रस्तुतीकरणमा सक्रियता | ६ |
| १.३ | आचारसंहिताको पालना | ३ |
| १.४ | तालिमप्रतिको प्रतिबद्धता | ३ |
| २. | लिखित परीक्षा | ३० |
| ३. | विद्यालयमा आधारित तालिमका क्रियाकलाप सञ्चालनका लागि कार्ययोजना निर्माण | ५ |
| | जम्मा | ५० |
| | **दोस्रो खण्डः विद्यालयमा आधारित तालिमका क्रियाकलापहरू** | |
| १. | कार्यसम्पादन | २१ |
| २. | प्रतिवेदन | २१ |
| ३. | प्रस्तुतीकरण | ८ |
| | **जम्म** | **५०** |
| | **दुवै खण्डको कुल अङ्कभार** | १०० |

**प्रत्येक क्षेत्रको उत्तीर्णाङ्क ५० प्रतिशत हुने छ ।**

(ग) तालिममा अनुपस्थित भएमा प्रति सत्र ०.५ अङ्क घटाइने छ । तीन सत्र वा सोभन्दा बढी अनुपस्थित हुने सहभागीको तालिम पूरा हुने छैन ।

(घ) तिस अङ्कको लिखित परीक्षाका लागि १० ओटा बहुवैकल्पिक प्रश्नमा ५ अङ्क, ५ ओटा सङ्क्षिप्त उत्तरात्मक प्रश्नमा १५ अङ्क र २ ओटा लामो उत्तर आउने प्रश्नमा १० अङ्क छुट्याइने छ । तालिमको वैधताका लागि तालिम पाठ्यक्रम समेट्ने गरी विशिष्टीकरण तालिकाका आधारमा प्रश्न पत्र निर्माण गरिने छ ।

(ङ) शिक्षकले आफ्नो विद्यालयका प्रधानाध्यपकसँग समन्वय र सहकार्य गरी तोकिएका कार्यहरूको सहजीकरण र सम्पादन गर्नुपर्ने छ ।

(च) शिक्षकले सम्पादन गरेका कार्यहरूको प्रतिवेदन सम्बन्धित विद्यालयका प्रधानाध्यापक र प्रधानाध्यापकले सम्पादन गरेका कार्यहरूको प्रतिवेदन स्थानीय तहको शिक्षा शाखा वा शाखाले तोकेको विज्ञबाट प्रमाणित गरेको हुनुपर्ने छ ।

(छ) विद्यालयमा आधारित तालिम क्रियाकलापको मूल्याङ्कनका आधार निम्नबमोजिम हुने छ:

| क्र.स. | क्षेत्र | मूल्याङ्कनका आधार | अङ्कभार |
|---|---|---|---|
| १. | कार्यसम्पादन | १. कम्तीमा १० ओटा पाठयोजनासहित अभ्यास शिक्षण<br>२. शिक्षण सुधार योजना (Teaching Improvement Plan-TIP)<br>३. कार्यमूलक अनुसन्धान<br>४. पाठ अध्ययन अभ्यास (Lesson Study Practice)<br>५. सिकाइमा नवप्रवर्तनका लागि सूचना तथा सञ्चार प्रविधिको उपयोग<br>६. विषय शिक्षणका क्रममा पूरक सामग्रीको उपयोग<br>७. १५ दिनको आमनेसामने वा अनलाइन वा मिश्रित विधिमा तालिम पाठ्यक्रमअनुसार निर्धारण गरिएका विषयवस्तुमा आधारित भई क्रम सङ्ख्या ६ सम्मका विषयवस्तुसँग नदोहोरिने गरी अन्य परियोजना कार्य गर्ने | ७ × ३ = २१ |
| २. | प्रतिवेदन | प्रतिवेदनको स्तरीयता<br>१. प्रतिवेदनको ढाँचा | ७ ओटा प्रतिवेन × |

| | | | |
|---|---|---|---|
| | | २. विषयवस्तुको प्रस्तुति<br>३. विश्वसनीय प्रमाणहरू | ३ = २१ |
| ३. | प्रस्तुतीकरण | १. आत्मविश्वास<br>२. प्रस्तुतीकरण शैली<br>३. तर्कपूण र प्रभावकारी अभिव्यक्ति<br>४. प्रतिबिम्बन | ८ |

**(ज) सहभागीले प्राप्त गरेको अङ्कलाई निम्नानुसार श्रेणी विभाजन गरिने छ :**

| **क्र.स.** | **प्राप्ताङ्क** | **श्रेणी** |
|---|---|---|
| १. | ९० प्रतिशत र सोभन्दा माथि | विशिष्टतासहित प्रथम श्रेणी |
| २. | ८० देखि ९० प्रतिशतभन्दा कम | प्रथम श्रेणी |
| ३. | ६५ देखि ८० प्रतिशतभन्दा कम | द्वितीय श्रेणी |
| ४. | ५० देखि ६५ प्रतिशतभन्दा कम | तृतीय श्रेणी |
| ५. | ५० प्रतिशतभन्दा कम अङ्क | असफल |

(झ) तालिममा सफल हुन दुवै खण्डमा कम्तीमा ५०/ ५० प्रतिशत अङ्क प्राप्त गर्नुपर्ने छ ।

**७. परियोजना कार्य**

दोस्रो खण्डका लागि विद्यालयमा आधारित परियोजना कार्यहरू निर्धारण गरिएका छन् । प्रत्येक परियोजनाको परिणामका **(Output)** रूपमा प्रत्येक प्रशिक्षार्थीले अलग अलग प्रतिवेदन शिक्षा तालिम केन्द्रसमक्ष अनिवार्य रूपमा प्रस्तुतीकरण गरी पेस गर्नुपर्ने छ :

**परियोजना कार्य १ : पाठयोजनामा आधारित शिक्षण अभ्यास**

- कम्तीमा फरक फरक १० ओटा पाठयोजना तयारी गर्ने

- प्रत्येक पाठयोजनाका आधारमा शैक्षणिक सामग्री विकास गर्ने
- प्रधानाध्यापकबाट सबै पाठयोजना प्रमाणित गर्ने
- पाठयोजनाका आधारमा कार्यतालिकाबद्ध शिक्षण अभ्यास गर्ने
- विद्यार्थीको सिकाइको अवस्था तथा आफ्नो सिकाइ सहजीकरण अनुभव समेटी प्रतिवेदन तयार गर्ने ।

नोट : यस कार्यअन्तर्गत अन्य परियोजना कार्यले नसमेटेका विषयवस्तु शिक्षणका लागि मात्र पाठयोजना तयार गर्ने

**परियोजना कार्य २ : शिक्षण सुधार योजना** (Teaching Improvement Plan-TIP)

शिक्षकले आफ्नो शिक्षण सुधारका लागि आधारभूत तह कक्षा ४-५ का लागि दिइएको ढाँचामा शिक्षण सुधार योजना (Teaching Improvement Plan-TIP) र सोको कार्यान्वयनको उपलब्धि प्रतिवेदन तयार पार्ने

**शिक्षण सुधार योजना (TIP)**

शिक्षकको नाम : ..........................................

विद्यालयको नाम : ..........................................................

योजना अवधि : २०८ .......................... महिनादेखि २०८ ..................हिनासम्म

| **क्र. स.** | **सूचक** | **मौजुदा स्थिति (Baseline)** | **अपेक्षित लक्ष्य** | **लक्ष्य पूरा गर्न सम्पादन गरिने मुख्य कार्यहरू** |
|---|---|---|---|---|
| १. | विद्यार्थीको औसत उपलब्धि/प्राप्ताङ्क | | | |
| (क) | कक्षा ............<br>विषय ............. | | | |

| | | | | |
|---|---|---|---|---|
| (ख) | कक्षा ............<br>विषय ............. | | | |
| २. | स्वमूल्याङ्कनका आधारमा शिक्षणमा शैक्षणिक सामग्री प्रयोगका स्थिति (न्यूनबाट उच्च तहको दरमा १, २, ३, ४ मा मापन गर्ने) | | | |
| ३. | प्रतिदिन क्रियाकलाप विवरण तयारीसहितको शिक्षण गरेको पाठ सङ्ख्या | | | |
| ४. | स्वमूल्याङ्कनका आधारमा प्रभावकारी शिक्षणका निमित्त विद्यालय प्रअबाट प्राप्त सहयोगको स्थिति (न्यूनबाट उच्च तहको दरमा १, २, ३, ४ मा मापन गर्ने) | | | |
| ५. | प्रशिक्षक/रोस्टर प्रशिक्षक/शिक्षा अधिकृत/प्रधानाध्यापकबाट शिक्षकलाई अनुगमन सहायता एवम् शैक्षणिक परामर्श सम्पन्न हुने पटक (तालिम अवधिभर) | | | |

...................   ...................   ...................   ...................

मिति   शिक्षकको दस्तखत   विद्यालयको छाप   प्रअको दस्तखत

**शिक्षण सुधार योजना (TIP) उपलब्धि प्रतिवेदन**

शिक्षकको नाम : ..........................................

विद्यालयको नाम : ......................................................

योजना अवधि : २०८ .................. महिनादेखि २०८ ..........................महिनासम्म

| क्र.सं. | सूचक | मौजुदा स्थिति (Baseline) | अपेक्षित लक्ष्य | लक्ष्य पूरा गर्न सम्पादन गरिएका मुख्य कार्यहरू | प्रगति | कार्यसम्पादनको अनुभव |
|---|---|---|---|---|---|---|
| १. | विद्यार्थीको औसत उपलब्धि/प्राप्ताङ्क | | | | | |
| (क) | कक्षा ............<br>विषय ............. | | | | | |
| (ख) | कक्षा ............<br>विषय ............. | | | | | |
| २. | स्वमूल्याङ्कनका आधारमा शिक्षणमा शैक्षणिक सामग्री प्रयोगका स्थिति (न्यूनबाट उच्च तहको दरमा १, २, ३, ४ मा मापन गर्ने) | | | | | |


| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३. | प्रतिदिन क्रियाकलाप विवरण तयारीसहितको शिक्षण गरेको पाठ सङ्ख्या | | | | | |
| ४. | स्वमूल्याङ्कनका आधारमा प्रभावकारी शिक्षणका निमित्त विद्यालय प्रअबाट प्राप्त सहयोगको स्थिति (न्यूनबाट उच्च तहको दरमा १, २, ३, ४ मा मापन गर्ने) | | | | | |
| ५. | प्रशिक्षक/रोस्टर प्रशिक्षक/शिक्षा अधिकृत/प्रधानाध्यापकबाट शिक्षकलाई अनुगमन सहायता एवम् शैक्षणिक परामर्श सम्पन्न हुने पटक (तालिम अवधिभर) | | | | | |

.................. .................. .................. ..................

मिति शिक्षकको दस्तखत विद्यालयको छाप प्रअको दस्तखत

**परियोजना कार्य ३ : कार्यमूलक अनुसन्धान**

शिक्षकले आफ्नो कार्यसम्पादन सुधारका लागि कुनै एउटा विषय क्षेत्रमा निम्नलिखित चक्रअनुसार कार्यमूलक अनुसन्धान गरी सोको प्रतिवेदन तयार पार्ने





**कायमूलक अनुसन्धानका लागि सम्भावित क्षेत्रहरू**

- शिक्षकलाई सिकाइ सहजीकरण गर्न तथा विद्यार्थीलाई सिक्न समस्या भएको विषयवस्तु शिक्षण
- फरक फरक सिकाइ स्तरका विद्यार्थीलाई उनीहरूको सिकाइ स्तरअनुसार शिक्षण
- विद्यार्थीका सिकाइ शैलीका आधारमा शिक्षण
- विद्यार्थीमा नेतृत्व क्षमता विकास
- विद्यार्थीको सिकाइमा सक्रिय सहभागिता
- कक्षामा शिक्षक र विद्यार्थीबिच अन्तर्क्रिया
- विद्यार्थीमा समालोचनात्मक चिन्तन विकास
- विद्यार्थी मूल्याङ्कन
- विद्यार्थी उपस्थिति
- विद्यार्थीमा सकारात्मक अनुशासन
- विद्यार्थीमा सहयोगी भावनाको विकास

- सिकाइमा विद्यार्थी उत्प्रेरणा
- विद्यार्थीमा स्वनिर्देशित सिकाइको बानी बसाउन
- विद्यार्थीमा सकारात्मक सोच विकास
- विद्यार्थीलाई उनीहरूको सिकाइप्रति जम्मेवार बनाउने
- विद्यार्थीमा सिकाइ संस्कृतिको विकास
- कक्षा व्यवस्थापन

**परियोजना कार्य ४ : पाठ अध्ययन (Lesson Study)**

- शिक्षण तथा विद्यार्थीको सिकाइमा केन्द्रित भई शिक्षकले आफ्नो शिक्षणमा सुधार ल्याउन समूहमा कुनै एउटा पाठ शिक्षणका लागि दिइएको चक्रअनुसार पाठ अध्ययन गरी सोको प्रतिवेदन समेत तयार गर्ने ।




**परियोजना कार्य ५ : सिकाइमा नवप्रवर्तनका लागि सूचना तथा सञ्चार प्रविधिको उपयोग**

– नेपाली विषयको कुनै पाठ शिक्षणका लागि उपयुक्त वेववेस सामग्रीको खोजी तथा सङ्कलन वा डिजिटल सामग्रीको खोजी, निर्माण तथा सम्पादन वा सफ्टवेयरहरूको पहिचान गर्ने
– खोजी, सङ्कलन, निर्माण तथा सम्पादन गरिएका ती सूचना तथा सञ्चार प्रविधिका सामग्री प्रयोग गरी पाठ शिक्षण गर्ने
– ती सामग्रीको प्रयोग गरी शिक्षण गर्दा विद्यार्थीको सिकाइमा परेको प्रभाव तथा शिक्षण अनुभवसहितको प्रतिवेदन तयार गर्ने ।

**परियोजना कार्य ६ : नेपाली विषय शिक्षणमा पूरक सामग्रीको उपयोग**

– नेपाली विषयको कुनै पाठ शिक्षणका लागि उपयुक्त पूरक सामग्री (सन्दर्भ सामग्री जस्तै : स्रोत सामग्री, थप पाठ्यसामग्री, पत्रपत्रिका, लेख, अनुसन्धान प्रतिवेदन आदि) को खोजी गर्ने
– नेपाली विषयका विषयवस्तु शिक्षणमा ती पूरक सामग्री प्रयोग गर्ने
– प्रयोग गरिएका पूरक सामग्री (सन्दर्भ सामग्री) को नाम, प्रयोग गरिएको तरिका र शिक्षण अनुभव र सिकाइमा आएको परिवर्तनसहितको प्रतिवेदन तयार गर्ने ।

**परियोजना कार्य ७ : नेपाली विषय शिक्षणका विधि, सामग्री तथा विद्यार्थी मूल्याङ्कन आदि सम्बन्धी परियोजना कार्य**

– तालिममा सहभागी शिक्षकले नेपाली विषय शिक्षणका विधि, सामग्री तथा विद्यार्थी मूल्याङ्कन आदि सम्बन्धी दिइएका परियोजना कार्यमध्ये कुनै एउटा परियोजना कार्य सम्पादन गर्नुपर्ने छ :

**परियोजना कार्य १ : सुनाइ र बोलाइ शिक्षणमा आधारित अभ्यास**

- ध्वनि सचेतीकरण, शब्द पहिचान र उच्चारण गर्ने
- विषयवस्तुको बोध र प्रश्नोत्तर गर्ने
- श्रव्यदृश्य वर्णन गर्ने
- वाचनकला प्रस्तुति गर्ने

- सुनाइ र बोलाइ शिक्षणमा प्रयोग गर्न सकिने शैक्षणिक सामग्रीको निर्माण/ सङ्कलन र नमुना प्रदर्शन गर्ने
- शिक्षण अनुभव र सिकाइमा आएको परिवर्तनसहितको प्रतिवेदन तयार गर्ने ।

**परियोजना कार्य २ : शब्दभण्डार शिक्षणमा आधारित अभ्यास**

- पर्यायवाची, विपरीतार्थी, अनेकार्थी र श्रुतिसमभिन्नार्थी शब्दको पहिचान र प्रयोग गर्ने
- पारिभाषिक/प्राविधिक, उखान, टुक्का र अनुकरणात्मक शब्दको पहिचान र प्रयोग गर्ने
- शब्दभण्डार शिक्षणमा वस्तु प्रत्यक्षीकरण, शब्दार्थीकरण, नाटकीकरण, समावेशीकरण र परिभाषीकरण जस्ता विधि र तिनको उपयोग
- शब्दभण्डार शिक्षणमा प्रयोग गर्न सकिने शैक्षणिक सामग्री निर्माण/सङ्कलन र
- नमुना प्रदर्शन
- शिक्षण अनुभव र सिकाइमा आएको परिवर्तनसहितको प्रतिवेदन तयार गर्ने ।

**परियोजना कार्य ३ : दोस्रो भाषाका रूपमा नेपाली भाषा शिक्षण**

- दोस्रोभाषी विद्यार्थीको मातृभाषा पहिचान गर्ने
- दोस्रोभाषी विद्यार्थीको भाषा परिवार पहिचान गर्ने
- दोस्रोभाषी विद्यार्थीले नेपाली भाषाको शब्दोच्चारणमा गर्ने त्रुटि पहिचान र निराकरणका उपायहरू अपनाउने
- दोस्रोभाषी विद्यार्थीले नेपाली भाषा लेखाइमा गर्ने त्रुटि पहिचान र निराकरणका उपायहरू अपनाउने
- दोस्रोभाषी/बहुभाषी कक्षामा प्रयोग गर्न सकिने शैक्षणिक सामग्री सङ्कलन र नमुना प्रदर्शन गर्ने
- अनुभव समेटी प्रतिवेदन तयार गर्ने ।

**परियोजन कार्य ४: व्यावहारिक लेखन**

- घरायसी चिठी, निवेदन, शुभकामना तथा बधाई पत्रको संरचना पहिचान गर्ने
- घरायसी चिठी, निवेदन, शुभकामना तथा बधाई पत्र लेखन गर्ने
- व्यावहारिक लेखनको प्रस्तुति गर्ने

- व्यावहारिक लेखनका सन्दर्भमा अनुभव आदानप्रदान गर्ने
- शिक्षण अनुभव र सिकाइमा आएको परिवर्तनसहितको प्रतिवेदन तयार गर्ने ।

**परियोजना कार्य ५: भाषिक प्रकार्य**

- भाषिक प्रकार्यको सूची प्रस्तुति र क्षेत्र पहिचान गर्ने
- निर्दिष्ट भाषिक प्रकार्यका आधारमा स्वभाषिक व्यवहार गर्ने
- भाषिक प्रकार्यको नमुना प्रस्तुति गर्ने
- भाषिक प्रकार्यका सन्दर्भमा अनुभव आदानप्रदान गर्ने
- शिक्षण अनुभव र सिकाइमा आएको परिवर्तनसहितको प्रतिवेदन तयार गर्ने ।

**नोट** : सामग्री निर्माण र प्रयोगसम्बन्धी परियोजना कार्यका हकमा शिक्षा तालिम केन्द्रमा प्रतिवेदन पेस गर्दा सामग्रीसमेत पेस गर्नुपर्ने छ ।

ΩΩΩ